annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९३ पृष्ठ १२ | काठमाडौं, सोमबार ३ मंसिर २०८१ | मार्ग कृष्णपक्ष तृतीया नेपाल संवत् ११४५ | MONDAY, NOVEMBER 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# उपनिर्वाचन, दलको परीक्षा

निर्वाचन अर्थात्, जनताको कठघरामा दलहरू उभिने क्षण । तर, विगतमा दलहरू एक्लाएक्लै चुनावमा जाँदैनथे । गठबन्धन बनाउँथे, जित्थे । तर, मंसिर १६ गते हुने उपनिर्वाचनमा अधिकांश स्थानमा दलहरूले एक्लाएक्लै उम्मेदवारी दिएका छन् । त्यसैकारण यो उपनिर्वाचनले कुन दल जनताको नजरमा कति बलियो छ भन्ने स्पष्ट गर्ने छ ।




कुल सिट संख्या

| | |
|---|---|
| नगरपालिका प्रमुख | १ |
| नगरपालिका उपप्रमुख | १ |
| गाउँपालिका अध्यक्ष | २ |
| गाउँपालिका उपाध्यक्ष | ४ |
| वडाध्यक्ष | ३४ |
| जिल्ला समन्वय समिति प्रमुख | २ |
| जम्मा | ४४ |

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २







## लामिछानेविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी

**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र पूर्वडीआईजी छविलाल जोशीविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको छ। कालीमाटीस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको बचत अपचलन गरेको आरोपमा अनुसन्धान गर्न उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

काठमाडौं जिल्ला अदालतका न्यायाधीशले आइतबार लामिछाने र जोशीलाई थुनामा राखेर अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर काठमाडौंलाई अनुमति दिएको हो। प्रहरी वृत्त कालीमाटीमा जाहेरी परेपछि प्रारम्भिक अनुसन्धान भएको थियो। हाल जिल्ला प्रहरी परिसरले कालीमाटीबाट फाइल झिकाएर अनुसन्धानलाई तीव्रता दिएको छ। जिल्ला प्रहरी कार्यालय कास्कीमा रहेका उनीहरू सुप्रिम सहकारी ठगी प्रकरणमा बयान दिएर हाल हिरासतमा छन्। यस अगाडि स्वर्ण लक्ष्मी सहकारीका अध्यक्ष जीबी (गीतेन्द्रबाबु) राई, कोषाध्यक्ष कुमार रम्तेलसहित २४ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

## मुस्ताङमा नुन खानी, उत्खननको पर्खाइ

**सुन्दरकुमार थकाली** | *जोमसोम*



उपल्लो मुस्ताङको लोमान्थाङमा युरेनियम,वारागुङ मुक्तिक्षेत्र–१ को मुक्तिनाथमा ग्यास र घरपभोङ–५ को ठिनी लेकमा कोइला खानी छन्। त्यति मात्र होइन, वारागुङ मुक्तिक्षेत्र–३ तेताङस्थित नरसिंह खोलास्थित विशाल पहाडको फेदमा नुन खानी छ। तर, उत्खननतर्फ सरकारको ध्यान छैन।

०७४ सालमा खानी तथा भूगर्व विभागका प्राविधिक इन्जिनियरसहितको टोलीले उक्त क्षेत्रमा पुगेर नुन खानीको प्रारम्भिक अध्ययन गरेको थियो। परीक्षणबाट ७०.२८ प्रतिशतदेखि ९३.७ प्रतिशतसम्म सोडियम क्लोराइड रहेको पुष्टि गरेको थियो। ०७७ सालमा विभागले उक्त नुन खानी उत्खननका लागि विभिन्न कम्पनीलाई प्रस्ताव आह्वान गर्‍यो। तर, कसैले पनि चासो देखाएनन्। त्यसयता तेताङ नुन खानीको चर्चा हराउँदै गयो। सरकारले पनि ध्यान दिन छोड्यो। विशाल अग्ला अग्ला पहाडको फेदको प्वालबाट प्राकृतिक रूपमा उत्पति हुने नुन पानीमा बग्ने गर्छ। सित्तैमा खेर गइरहेको छ। बजारको 'आयो नुन'को प्रयोग हुनु अघि त्यहाँबाट नुन उत्पादन गर्ने गरिन्थ्यो। वारागुङ मुक्तिक्षेत्र–३ का वडासदस्य धवा गुरुङका अनुसार उक्त नुन मुस्ताङको साविकका ६ वटा गाउँहरूले प्रयोग गर्थे।

» बाँकी पृष्ठ ८

## अनन्त यात्रामा लोकतान्त्रिक आन्दोलनका अभियन्ता

**दिनेश गौतम** | *काठमाडौं*

'सरकार सत्तापक्षको, संसद् प्रतिपक्षको' भन्दै संसदीय अभ्यासलाई मर्यादित एवं गरिमामय बनाएका सभामुख पदका मानक दमननाथ ढुंगानाको आइतबार निधन भएको छ। ८३ वर्षीय ढुंगानाको उपचारका लागि लैजाने क्रममा निधन भएको छ।

अचानक असहज महसुस गरेका ढुंगानाको फ्रन्टलाइन अस्पतालमा पुर्‍याउँदा निधन भइसकेको थियो। दसैंअघि भारतमा उपचार गरेर फर्किएका ढुंगाना घरमै आराम गरिरहेका थिए। कलेजोको समस्या झेलिरहेका थिए। ढुंगानाको शवलाई त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज राखिएको छ। शान्ति र लोकतन्त्रका पक्षपाति ढुंगानाको सोमबार दिउँसो पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने छ।

त्यस अघि उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलिका लागि नक्सालस्थित सानो गौचरणमा राखिनेछ। बेलायतमा रहेका कान्छा छोरा आएपछि सोमबार अन्तिम संस्कार गरिने पारिवारिक स्रोतले जनाएको छ। ढुंगानाको काठमाडौं-९, बत्तीपुतलिस्थित निवासमा पुगी शोकाकुल परिवारजनलाई प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, संविधानविद् राधेश्याम अधिकारी लगायतले सान्त्वना दिएका थिए। ढुंगानाकी पत्नी भुवन, दुई छोरा र एक छोरी नीतिका छन्।



लोकतान्त्रिक राजनीतिका अथक अभियन्ता ढुंगानाको संविधान निर्माण, लोकतन्त्र र शान्ति स्थापनामा महत्वपूर्ण भूमिका छ। २०१७ सालमा तत्कालीन राजा महेन्द्रले 'कु' गरेपछि विद्यार्थीहरू आन्दोलनमा लागेका थिए।

बीपी कोइराला, कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीमाथि लगाइएका मुद्दामा ढुंगानाले बहस पैरवी गरेका थिए। ३० वर्षको उमेरमा नेपाल बार एसोसिएसनको महासचिव भएका ढुंगाना झन्डै दुई दशक वकालत पेसामा संलग्न थिए। २०२८ सालमा नेपाल बार एसोसिएसनको महासचिव भएका थिए। पञ्चायतकालमा विद्यार्थी संगठनमा आबद्ध भएर राजनीतिक यात्रा गरेका ढुंगानाले ०४६ सालको जनआन्दोलनको बेला कांग्रेसका प्रवक्ता थिए। ०४७ साल कात्तिक २३ गते जारी भएको संविधानको मस्यौदा गर्न गठित आयोगमा रहेर ढुंगानाले योगदान गरेका थिए। ०४८ सालमा काठमाडौं क्षेत्र नं २ बाट निर्वाचित भएका ढुंगाना सभामुख भएका थिए।

» बाँकी पृष्ठ ८

www.annapurnapost.com

अन्नपूर्ण होम्स

नभौतारिनुस् खोज्दै सपनाको घर!
अन्नपूर्णले पुर्‍याइदिन्छ अब त्यो रहर!!









विस्तृत जानकारीका लागि : ९८०१०४७७९० | ०१-४११२३०५ (एक्सटेन्सन. ३७३४)
Email: annapurnahomesnepal@gmail.com